गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास कार्यालय,गोरखा

सूचना नं : ०६

गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
गोरखा

शिलबन्दी दररेट पेश गर्ने सम्वन्धी पुनः सूचना

दोस्रो पटकको सूचना प्रकाशन मितिः २०८३/०८/०८

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "प्राङ्गारिक मल वितरण कार्यक्रम" अन्तर्गत गोरखा जिल्लाका आवेदक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी /कृषि कम्पनीहरुलाई अनुदानमा प्राङ्गारिक मल उपलब्ध गराउनका लागि लागत अनुमान तयार गर्नुपर्ने भएकाले इजाजत प्राप्त उद्योग/फर्म/कम्पनी/सप्लायर्सबाट तपसिल स्पेशिफिकेशन सहितको दररेट प्रस्ताव रितपुर्वक मिति २०८३/०८/१४ गतेसम्म कार्यालय समय भित्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

दररेट फारम साथ पेश गर्नुपर्ने कागजातहरुः

१. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ को अनुसूची-१ अन्तर्गत रहेको प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तर र अनुसूची-०३ अन्तर्गत रहेको गोठे मलको मापदण्ड तथा गुणस्तर समावेश भएको पछिल्लो तीन महिनाभित्रको मान्यताप्राप्त प्रयोगशालाको विश्लेषण प्रतिवेदन ।
२. नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि ।
३. निवेदन, शिलबन्दी दरभाउ पत्र (प्राङ्गारिक मलको व्यापारिक नाम, उत्पादकको नाम र ठेगाना समावेश भएको आर्थिक प्रस्ताव)।
४. संस्था दर्ता, नविकरण तथा आधिकारिक बिक्रेताको प्रमाणपत्रको प्रतिलिपी ।
५. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर (VAT) (मू.अ.करमा दर्ता हुनेको हकमा) दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ.व २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
६. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ अन्तर्गत वार्षिक ५०० मे.टन. भन्दा बढी प्राङ्गारिक मल उत्पादकले अनुसूचि ७ बमोजिमको प्रदेश मन्त्रालयबाट सूचीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

थप जानकारीका लागि:फोन नं. ०६४-४२०११३, ९८५६०७०६४९, ९८५६०४०६४९, ९८५६०३०६४९

कुल प्रसाद तिवारी
जिल्ला कृषि विकास अधिकृत